| नौकुण्ड गाउँपालिका, रसुवा | | |
|---|---|---|
| **स्थानीय राजपत्र** | | |
| खण्ड २ | संख्या २ | मिति :२०७७/०३/३० |
| **भाग २**<br>**नौकुण्ड गाउँपालिका**<br>स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उपदफा ३ बमोजिमको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ । | | |
| सम्बत् २०७७ सालको कार्यबिधि संख्या २ | | |

# दलित सहायता कोष परिचालन नियमावली

# 2077

**प्रस्तावना :**

दलित समुदायका ब्यक्तिहरुलाई बिभिन्न किसिमका सहयोग, जिविकोपार्जन लगायतका आर्थिक उर्पाजनका क्रियाकलापका साथै र अधिकारका लागि नीतिगत ब्यबस्था,योजना,कार्यक्रम संचालन,श्रोत परिचालनका निमित्त सम्बद्ध सरकारी,गैर सरकारी साझेदार निकाय बिच समन्वय गर्ने कार्य को सुरुवात नौकुण्ड गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय,सरमथली,रसुवाले सुरु गरेको छ ।

दलित समुदायका ब्यक्तिहरुको अधिकार सम्वन्धि नेपाल सरकारले ब्यबस्था गरेका बिभिन्न निती तथा योजनाहरु का साथ साथै नेपाल सरकारले ब्यबस्था गरेका संबैधानिक दलित आयोग तथा अन्य निती नियमको मान्यता अनुरुप नौकुण्ड गाउँपालिकाले दलित समुदायका ब्यक्तिहरुको सर्वाङ्गिण हित र सहयोगको लागि बिबिध निती तथा कार्यक्रम तय गरी कार्यान्वयन गरीरहेको छ ।

दलित समुदायका ब्यक्तिहरुलाई समुदायमा नै ब्यबस्थित एंव सम्मानपुर्ण जिविकोपार्जन गर्ने तथा अति बिपन्न,विपन्न, न्युन आय, एकल महिला,वालवालिका भएका दलित समुदायका ब्यक्तिहरुलाई सहयोग गर्नको लागि सम्बन्धित वडाहरु,सामुदायिक एवं गैर सरकारी संस्थाहरु एंव निजी संघ संस्थाहरु समेत सबैको महत्पुर्ण एवं निर्णायक भुमिका रहन्छ । दलित सहायता  कोष परिचालन नियमावलीको माध्यम बाट स्थानिय तहका वडाहरु एंव संघ-संस्थाहरुको भुमिका सुनिश्चित गरी दलित समुदायका परिवारलाई सहयोग गर्नको लागि नौकुण्ड गाउँपालिकाले यो नियमावली तयार पारेको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस नियमावलीको नाम **"दलित सहायता कोष परिचालन नियमावली २०७७"** रहेको छ ।

ख) यो नियमावली गाँउ सभा  बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२= परिभाषा** M

(क) "ऐन" भन्नाले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** लाई सम्झनु पर्छ ।

(ख) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्छ ।

(ग) "स्थानीय कानून" भन्नाले नौकुण्ड गाउँ सभाले बनाएको कानून सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नौकुण्ड गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले नेपालको संविधान २०७२ को धारा २२२ को उपधारा (१) बमोजिमको नौकुण्ड गाउँ सभा सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले नौकुण्ड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(छ) "उपाध्यक्ष" भन्नाले नौकुण्ड गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नौकुण्ड गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(झ) "कार्यपालिका" भन्नाले नौकुण्ड गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ञ) "पदाधिकारी" भन्नाले नौकुण्ड कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।

(ट) "वडा" भन्नाले नौकुण्ड गाउँपालिकाका वडा सम्झनु पर्छ ।

नौकुण्ड गाउँपालिका

(ठ) “वडा अध्यक्ष” भन्नाले नौकुण्ड गाउँपालिकाका वडा अध्यक्ष सम्झनु पर्छ ।

(ड) “वडा समिति” भन्नाले संविधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनु पर्छ ।

(ढ) “सदस्य” भन्नाले नौकुण्ड गाउँ सभा वा गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्छ । साथै सो शब्दले गाउँ सभा वा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

(ण) “मन्त्रालय” भन्नाले स्थानीय तह हेर्ने प्रदेश नं. ३ सरकारका मन्त्रालय सम्झनु पर्छ ।

(त) “विषयगत कार्यालय” भन्नाले नौकुण्ड गाउँपालिका अर्न्तगतका विभिन्न विषयगत कार्यालय समेतलाई सम्झनु पर्छ ।

(थ) समुदायमा आधारीत पुनर्स्थापना कोष भन्नाले अपाङ्गता भएका ब्यक्तिहरुलाई स्वास्थ्य,शिक्षा,तालिम, रोजगार,आयआर्जन,ब्यवसाय,जस्ता आधारभुत सेवामा पहुँचको ब्यबस्था गर्दै आफनै समुदाय र परिवारमा राखी आत्मनिर्भर तुल्याउने र उनीहरुको सामाजिक सहभागीतालाई अभिबृद्धि गर्दै शसक्तिकरण समेत गर्दै लाने एकिकृत कोषलाई सम्झनु पर्दछ ।

(द) “विकास साझेदार” भन्नाले नेपाल सरकार वा नौकुण्ड गाउँपालिकासँग भएको सम्झौता वा सहकार्य गर्ने द्विपक्षीय एवं बहुपक्षीय दातृनिकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत गैरसरकारी संस्था, निजी क्षेत्र तथा सामुदायिक संस्थासमेतलाई सम्झनु पर्छ ।

(ध) “उपभोक्ता समिति” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मतसम्भार गर्न आफूमध्येबाट निश्चित प्रक्रियाबमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ ।

(न) “गैरसरकारी संस्था” भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानुनबमोजिम स्थापना भएका र नौकुण्ड गाउँ सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई वा यस गाउँपालिकासँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामुलक संस्था सम्झनु पर्छ ।

(प) “सामुदायिक संस्था” भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन

नौकुण्ड गाउँपालिका

गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा नौकुण्ड गाउँपालिकामा सूचिकृत भएका समुदायमा आधारित संस्था सम्झनु पदर्छ ।

(फ) “लक्षित समूह” भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला, बालबालिका, अपांग, ज्येष्ठ नागरिक तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्छ ।

(म) “योजना” भन्नाले नौकुण्ड गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको वार्षिक योजना, क्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजना सम्झनु पर्छ ।

(य) “कार्यक्रम” भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत कार्यक्रम सम्झनु पर्छ ।

(र) “आयोजना” भन्नाले नौकुण्ड गाउँपालिकाको कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनु पर्छ ।

(ल) “अनुदान” भन्नाले संघीय सरकार र प्रदेश सरकारबाट नौकुण्ड गाउँपालिकालाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोगसमेत सम्झनु पर्छ ।

(व) सहायता कोष भन्नाले दलित समुदायका अति विपन्न,विपन्न, एकल महिला तथा वालवालिकाहरुलाई आर्थिक तथा सामाजिक रुपमा शसक्तिकरण गरी उनीहरुलाई सहयोग गर्ने कोषलाई सम्झिनु पर्दछ ।

## परिच्छेद २

### २= उद्येश्य M

२.१) दलित सहायता कोष परिचालन नियमावलीको उद्येश्य देहाय बमोजिम रहेको छ ।

(क) दलित समुदायका ब्यक्तिहरुलाई उनीहरुको आर्थिक, सामाजिक जिवनयापनमा सहयोग गर्ने ।

(ख) दलित कोष मार्फत अति विपन्न,विपन्न, गरीव, एकल महिला तथा अपांगता भएका दलित समुदायका ब्यक्तिहरुको अवस्था हेरी आर्थिक रुपमा सहयोग गरी बिभिन्न आयआर्जनका तथा जिविकोपार्जनका क्रियाकलापहरु मार्फत सहयोग गर्ने ।

नौकुण्ड गाउँपालिका

(ग) बिपन्न घरका वाल वालिकाहरुलाई शैक्षिक सामग्री (छात्रबृत्ति) वितरण लगायतका आवश्यकता अनुसार वितरण गर्नुका साथै बिद्यालयमा पुहँच भन्दा वाहिर भएका वाल वालिकाहरुको बिद्यालय सम्म पहुँच पुर्याउने वातावरण श्रृजना गर्ने ।

(घ) दलित समुदायका ब्यक्तिहरुले परम्परागत रुपमा गर्दे आएका ब्यावसायहरुलाई परिमार्जित समायानुकुल आधुनिक बनाउनमा सहयोग गर्ने जस्तै : आरन ब्यावसाय, सिलाई कटाई लगायतका अन्य ब्यावसायहरु ।

**२.२) दलित सहायता कोष परिचालन नियमावलीको अवधारणा देहाय बमोजिम रहेको छ ।**

(क) यस नौकुण्ड गाउँपालिकाले दलित समुदायलाई बिकासको मुल प्रवाहमा ल्याउनको लागि सामुदायिक,सहभागीतामुलक र निरन्तर क्रियाशिलताका आधारमा विपन्न समुदायका दलित ब्यक्तिहरुको जिवन सहज र सम्मानित तुल्याउने यस नियमावली को लक्ष्य छ ।

(ख) गाउपालिका मार्फत बाट हुने बिभिन्न बिकासका चरण तथा क्रियाकलापहरुमा दलित समुदायको सक्रिय सहभागीताका तथा अपनत्वको भावनाको बिकास गराउने ।

**३) दलित सहायता कोष परिचालन नियमावलीको लक्ष्य :**

(क) समावेशिकरण सहतिको सहभागीता, सामाजिक न्याय तथा बिकासमा सहभागीतात्मक सशक्तिकरण गरी दलित समुदायको क्षमता अभिबृद्धि गर्ने ।

## परिच्छेद ३

**३.१) दलित सहायता कोष परिचालन नियमावली संचालन गर्नको लागि गाउँपालिका स्तरिय समिती ।**

क) यो समिती गाउँपालिकास्तर, वडास्तर तथा वस्ती स्तरमा दलित समुदायका ब्यक्तिहरुका लागि आर्थिक तथा सामाजिक रुपान्तरण गर्ने महत्वपुर्ण समिती हो, यो दलित सहायता कोष नियमावली कार्यान्वयनको लागि तपसिल बमोजिमको समिती रहने छ ।

१) गाउँकार्यपालिका दलित सदस्य संयोजक १ जना

2_ प्रत्येक वडा बाट निर्वाचित दलित प्रतिनिधि सदस्य ६ जना

3_ दलित समुदायका प्रतिनिधि एक महिला सहित सदस्य २ जना

४) दलित संग सम्बन्धित गैर सरकारी संस्थाहरु मध्य बाट सदस्य १ जना सदस्य

५) महिला बिकास शाखा संयोजक सदस्य सचिव

**३.२) गाउँपालिकास्तर वा वडास्तरमा दलित समुदायका ब्यक्तिहरुका लागि दलित सहायता कोष परिचालन समितीको काम कर्तब्य तथा अधिकार ।**

(क) विपन्न दलित समुदायका लागि बिभिन्न कार्यक्रमको योजना तर्जुमा गर्ने ।

(ख) बिपन्न दलित समुदायका लागि कार्यक्रमहरु संचालन गर्नको लागि बिपन्न दलित ब्यक्ति,तथा वालवालिका तथा यिनका परिवार,स्थानिय समुदायका लागि सचेतना अभिबृद्धि गर्ने समान अवसरका क्रियाकलापहरु कार्यान्वयन गर्न गाउँपालिका तथा वडाहरुलाई पहल गर्ने साथै यसका अलावा (बिभिन्न दलित लक्षित कार्यक्रम,छलफल,अन्तरक्रिया) आदी संचालन गर्नको लागि मातहतका निकायहरुसंग समन्वय गर्ने ।

(ग) दलित लक्षित समुदायका ब्यक्तिहरुका लागि संचालित कार्यक्रमहरुको नियमित अनुगमन गर्ने,अभिलेख राख्ने ।

(घ) केन्द,प्रदेश, जिल्ला तथा स्थानीय निकायहरु संग कार्यक्रमगत समन्वय गर्ने ।

(ङ) कोष अर्न्तगत संचालन भएका कार्यक्रमहरुको प्रगति विवरण,तथ्यांक संकलन तथा प्रभावकारीताको लागि सम्बन्धित पक्षलाई पहल गर्ने ।

(च) बिपन्न परिवारका दलित समुदायका ब्यक्तिहरुलाई बिपन्न,मध्यम स्तरको गाउँपालिका स्तरिय दलित परिचय पत्र बितरण गर्ने, जस्ले गर्दा बिपन्न पहिचान गरी लक्षित कार्यक्रमहरु संचालन गर्न सजिलो हुन्छ ।

(छ)दलित समुदाय संग भएका सिप तथा पेशा हरुको स्तरोन्नती तथा नयाँ सिप बिकासको लागि दलित सहायता कोषले आफनो बिनियोजित बजेट अनुसार बिभिन्न स्वरोजगारमुलक तालिम, ब्याबसायका लागि प्रवर्धन सहयोग गर्न गाउँपालिका तथा वडा तहमा पहल गर्नेछ ।

(ज) कुनै अन्य सरकारी निकाय, प्रदेश सरकार तथा गैरसरकारी संस्था वा अन्य संघसंस्था बाट दलित समुदायका ब्यक्तिहरुका लागि सहयोग गर्नको लागि आर्थिक सहयोग प्राप्त भएमा सो संस्था बाट कती रकम सहयोग गर्न सकिने तथा यस दलित सहायता कोष बाट कती रकम खर्च गर्ने,उक्त कार्यको लागि कामको प्रकृती हेरी कोषको बजेट रकम बिनियोजन गर्न सकिने ।

नौकुण्ड गाउँपालिका

(झ) गाँउपालिका स्तरमा कोषको छुट्टै खाता हुनेछ जसको संचालन प्रमुख प्रसासकिय अधिकृत र लेखा अधिकृत वा तोकिएको कर्मचारीबाट हनेछ ।

(ञ) यस कोषमा जम्मा हुने रकम समितिले ताकिएको वमोजिम वैक खाता खोली जम्मा गरिनेछ ।

(ट) यस कोषको खर्च प्रतिवेदन समितिमा र समितिको संयोजकले कार्यपालिकमा चौमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(ठ) कोषको लेखा परिक्षण गाँउपालिकाको लेखा परिक्षण गर्दा संगै गराईनेछ ।

(ड) समितिले यस निर्देशिका / कार्यविधि अनुसार कार्य सम्पादन गर्दा सम्वन्धित क्षेत्रमा विज्ञता हासिल गरेको व्यक्तीहरुको परामर्श सेवा लिन सक्नेछ ।

(ढ) यस समिती समुदाय, नौकुण्ड गाउँकार्यपालिका र गाउँसभा प्रति जवाफदेहि बन्नुपर्नेछ ।

प्रमाणिकरण मिति : २०७७ /०३/२०

आज्ञाले

नवदीप राई

प्रमुख प्रशासकीय अधिकृत